"समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोवार"
कोलिय देवदह
बचत तथा ऋण सहकारी संस्था लि.
KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.
देवदह, रुपन्देही

च.नं. १२३६।०८०।०८५

सूचना प्रकाशित मिति :२०८१ बैशाख ३० गते

# सूचना ! सूचना !! सूचना !!!

## <u>सहुलीयत दरमा ऋण लगानी संम्बन्धमा ।</u>

कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि. र देवदह नगरपालीकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम अर्न्तगत कोलिय देवदह साकोसको ५० प्रतिशत र देवदह नगरपालीकाको ५० प्रतिशत लगानी रहने गरी देवदह नगरपालीका भित्र स्थायी बसोबास गरेका शेयर सदस्यहरुलाई सहुलीयत दरमा (३.७५ प्रतिशत) बढिमा ५ लाख सम्म ऋण लगानी गर्ने भएकोले तपशिलमा उल्लेखीत क्षेत्र/व्यवसाय गरेका तपशिल अनुसारका शर्तहरु लागु हुने गरि आवश्यक कागजात सहित मिति २०८१ जेष्ठ १३ गते कार्यालय समय भित्र पायक पर्ने सेवाकेन्द्रमा ऋण माग आवेदन पेश गर्नुहुन शेयर सदस्यज्यूहरुलाई अनुरोध छ ।

तपशिल :

व्यवसायिक क्षेत्रहरु :

१. तरकारी तथा विउ विजन उत्पादन, प्रशोधन भण्डारण तथा विकि वितरण ।
२. बन जन्य व्यवसाय, पुष्प व्यवसाय, नगदे बाली तथा बागबानी उत्पादन ।
३. दुध/पशुपन्छी/मत्स्यपालन/मासुजन्य उत्पादन, प्रशोधन, भण्डारण तथा विकी वितरण ।
४. फलफुल/जडीबुटी उत्पादन, प्रशोधन भण्डारण तथा विकि वितरण ।
५. मौरी पालन ।
६. प्राङगारीक तथा जैविक मल उत्पादन तथा विकी वितरण ।
७. अन्य कृषिसंग सम्बन्धि उत्पादन, प्रशोधन भण्डारण तथा विकि वितरण ।
८. सिलाई, बुनाई, हाते, खुट्टे तथा अर्धस्वचालीततान, हाते कागज उत्पादन, गहना तथा मुर्ति बनाउने ।
९. सिकर्मी कार्य, काठका कलात्मक बस्तु निमार्ण, बाँसका बस्तु निमार्ण, सेरामिक्स तथा कुमालेका पेशागत व्यवसाय, छाला सम्बन्धि पेशागत कार्य ।
१०. कुटानी, पिसानी लगायतका साना उत्पादन तथा प्रशोधन गर्ने उद्योगहरु ।
११. सेवा तथा पर्यटन व्यवसायहरु ।
१२. प्रचलीत औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषित गरेका साना उद्योगहरु ।

<u>योग्यता/शर्तहरु :</u>

१. ऋण माग गर्ने सदस्यको मासीक बचत नियमीत भएको हुनु पर्नेछ ।
२. सदस्य बनेको कम्तिमा ३ महिना पुरा भएको हुनु पर्नेछ ।
३. ऋण माग गर्ने सदस्यले वा एकाघर परिवार भित्र संस्थाबाट पहिलानै ऋण उपभोग गरेको अवस्थामा पहिलाको ऋणको नियमीतता भएको हुनु पर्नेछ अर्थात भाखा नाघेको भएमा यस प्रकारको ऋण उपलब्ध गराईने छैन ।
४. यस प्रकारको ऋण उपभोग गर्ने सदस्यले औषत शेयर पूँजि पुर्‍याउनु पर्ने छ ।
५. देवदह नगरपालीका भित्र स्थायी बसोबास गरेको हुनु पर्ने छ ।

६. ऋण माग गर्ने सदस्यको उमेर १८ वर्ष पुगेको र ५० वर्ष ननाघेको हुनु पर्नेछ ।
७. यस शीर्षक अर्न्तगत सबै ऋण लगानीमा अनिर्वाय धितो सुरक्षण राख्नु पर्नेछ ।
८. स्वीकृत ऋण रकमको र व्यवसायको अनिर्वाय रुपमा विमा स्वयम ऋणी सदस्यले गर्नु पर्नेछ ।
९. यस प्रकारको ऋण एकाघर परिवार भित्र एकजना सदस्यलाई मात्र उपलब्ध गराईने छ ।
१०. अन्य बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएका सदस्यहरुलाई यस प्रकारको ऋण उपलब्ध गराईने छैन ।
११. ऋण जुन प्रयोजनका लागि माग गरिएको सोही प्रयोजनमा लगानी गरेको हुनु पर्ने छ। अन्यथा सहुलीयत ऋण लगानी कार्यविधि अनुसार कारबाही गरिने छ ।
१२. देवदह नगर कार्यपालीकाको कार्यालय वा सम्बन्धित वार्ड कार्यालयमा सुचीकृत भई नियमीत रुपमा कर बुझाएको हुनु पर्ने छ ।
१३ यस प्रकारको ऋण संस्थाका सञ्चालक, सल्लाहकार, लेखा सुपरीवेक्षण समिति र समितिका एकाघर परिवारका सदस्यहरुमा र विभिन्न उपसमितिका सदस्यहरु र कर्मचारीहरुलाई यो ऋण लगानी गरिनेछैन । साथै पूँजि उपलब्ध गराउने निकायका प्रतिनिधिहरु (कर्मचारी/जनप्रतिनिधि) लाई समेत यो ऋण लगानी गरिने छैन ।

**ऋण माग गर्दा पेश गर्नु पर्ने कागजातहरु :**

१. ऋण माग आवेदन ।
२. ऋण मागकर्ताको नागरिताको प्रतिलिपी १ थान, २ प्रति फोटो ।
३. परियोजनाको अनुमानीत लागत तथा आय व्यय विवरण ।
४. व्यवसाय संचालनका लागि सीप हासिल गरेको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।
५. ऋणी वा नीजको परिवारको नाममा रहेको चलअचल सम्पतीको पुरा विवरण ।
६. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. पान दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
८. व्यवसाय संचालनमा रहेको प्रमाण (व्यवसायको फोटो) ।
९. स्थायी लेखा नम्बर (पान नम्बर) प्रमाण पत्रको प्रतिलिपी ।
१०. धितो सुरक्षण राखीने जग्गाको नक्सा, चौकील्ला तथा तिरो तिरेको रसीद ।
११. सम्बन्धित वार्ड कार्यालयको सिफारीस ।

ऋण आवेदन फारम सम्बन्धित सेवाकेन्द्रबाट उपलब्ध हुने छ । थप जानकारीका लागि संस्थाको वेवसाइट ( www.koliyadevdahasaccos.org.np), सम्बन्धित सेवाकेन्द्रमा वा मोबाइल न. ९८५०७१०७८, ९८५७०७१५०८, ९८५७०३७८३० मा सर्म्पक गर्नु हुन अनुरोध छ ।

विनोद पराजुली
व्यवस्थापक